# अपाङ्ग परिचय पत्र






## अपाङ्ग परिचय पत्र भनेको के हो?

**अपाङ्ग परिचय पत्र,** अपाङ्गता भएको व्यक्तिको लागि, नागरिकता प्रमाणपत्र जस्तै हो।

अपाङ्गता भएको व्यक्तिहरुले परिचय पत्र नबनाई सेवा सुविधा बाट वाञ्चित नबनौं। अपाङ्गता परिचय पत्र बनाई आफ्नो अधिकार खोजौं।

## अपाङ्ग भएको व्यक्तिको परिचय पत्र किसिम

क)**पुर्णअशक्त अपाङ्ग(पूर्ण अशक्त)**

अरुको सहारा लिएर पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्थाको व्यक्तिहरु।

ख)**अतिअशक्त अपाङ्ग(अति अशक्त)**

निरन्तर अरुको सहयोग लिएर मात्र दैनिक जीवन सम्पादन गर्न, आवगमन गर्न, सञ्चार गर्न, लेखपढ गर्न सक्षम व्यक्तिहरु।



## अपाङ्ग भएको व्यक्तिको परिचय पत्र किसिम

ग)**मध्यम अपाङ्ग(मध्यम)**

कृत्रिम अङ्गको प्रयोग वा सहायक सामाग्रीको प्रयोगवाट दैनिक जीवन सम्पादन आफैं गर्नसक्ने व्यक्तिहरु।

घ)**सामान्य अपाङ्ग(सामान्य)**

शारीरिक अङ्गहरुमा सामान्य विचलन भएतापनि दैनिक जीवन सम्पादन गर्न कुनै कठिनाई नहुने व्यक्तिहरु।

# अपाङ्ग परिचय पत्र बाट पाइने सुविधा।

- शिक्षा सेवामा सुविधा।
- स्वास्थ्य सेवामा सुविधा।
- सरकारी सेवामा आरक्षणको व्यवस्था।
- उद्योग कलकाखानामा प्राथमिकता।
- सर्वजनिक सवारी साधनमा छुटका व्यवस्था ।
- सामाजिक सुरक्षा भत्ता(मूल्य:पत्रको किसिम अनुसार)।
- अन्य विविध सुविधाहरु।






-Protection and Welfare of the Disabled persons Act,2039 by Nepal Government



# नगरपालिकामा अपाङ्गता परिचय पत्र कसरि बनाउन सकिन्छ?

**अपाङ्गता परिचय पत्र लिनको लागि चाहिने आवश्यक कागजपत्रहरु**

- सम्बन्धित वाडको सिफारिस।
- नेपाली नागारिकता प्रमाणपत्रको फोटोकपी।
- १६ वर्ष भन्दा मुनिको बालबालिकाको जन्म दर्ताको फोटोकपी।
- सरकारी अस्पतालबाट अपाङ्गता पहिचान गरेको सिफारिस।
- आँखा र कानको समस्या भएको व्यक्तिहरुको हकमा सम्बन्धित अस्पतालबाट सिफारिस ल्याउनुपर्ने।
- ३ वटा अटो साइजको फोटो र अपाङ्गता देखिने पोस्टकाड साइजको १ प्रति फोटो।

# कहिले र कहाँबाट अपाङ्गता परिचय पत्र पाउन सकिन्छ?

- **कहिले?**-हरेक महिना १ गते।

अपाङ्गता भएको व्यक्तिको उपस्थिति हुनु अनिवार्य हुन्छ।

- **कहाँ?**- महिला तथा बालबालिका शाखा , कमलामाई नगरपालिका, सिन्धुली।

7

# प्रश्न-उत्तर

विद्यार्थीलाई स्कुलबाट कसरी सुविधा पाइन्छा?

अपाङ्ग परिचय पत्रको फोटोकोपी स्कुललाई बुझाउनु होस्।

म सिन्धुलीमा बसेको छु।तर मेरो नागारिकता अर्को ठाउँमा छा।

आफ्नो नागारिकता भएको ठाउँमा मात्रै अपाङ्ग परिचय पत्र बनाउन साकिन्छ।

8

# कसरी बोलाउने?

| | |
|---|---|
| अपाङ्ग,असामान्य,बिशेष क्षमता भएको, फरक क्षमता भएको | अपाङ्ग भएको व्यक्ति |
| सामान्य,स्वस्थ | अपाङ्ग नभएको व्यक्ति |
| लुलो,कुँजो,खोरोन्डो,वामपुड्के,डुडो,लङ्गडो,बाउत्रबीर,खुडें | शारीरिक अपाङ्गता भएको व्यक्ति |
| कानो,अन्धो | दृष्टिविहिन, दृश्यविहिन,न्युन, दृष्टियुक्त |
| बहिरो, वक्क लाटो | बहिरो व्यक्ति,सुस्त-श्रवण |
| लठेब्रो,गोज्यान्ग्रो,सुस्तमनस्थिति | बौद्धिक अपाङ्गता भएको व्यक्ति |
| लाटो,हकला | भकभके,स्वर बोलाई सम्बन्धि अपाङ्गता भएको व्यक्ति |
| पागल,बौलाह | मनोसमाजिक अपाङ्गता भएको व्यक्ति |
| उन्धो- लाटो | श्रवण- दृष्टिविहिन |



# शरीरिक अपाङ्ग वा प्रणाली भएको सामस्या तथा कठिनाईको आधारमा परिचयपत्र वितरण

| | | |
|---|---|---|
| १ | शारीरिक अपाङ्गता | |
| २ | दृष्टि सम्बन्धी अपाङ्गता | दृष्टिविहिनता |
| | | न्युन दृष्टियुक्ति |
| ३ | सुनाई सम्बन्धी अपाङ्गता | बहिरा |
| | | सुस्त श्रवण |
| ४ | श्रवण दृष्टिविहिन | |
| ५ | स्वर र बोलाई सम्बन्धी अपाङ्गता | |
| ६ | मानसिक वा मानोसामाजिक अपाङ्गता | |
| ७ | बौद्धिक अपाङ्गता | |
| ८ | अनुवंशीय रक्तश्राव(हेमोफिलिया सम्बन्धी अपाङ्गता) | |
| ९ | अटिज्म सम्बन्धी अपाङ्गता | |
| १० | बहुअपाङ्गता | |